नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बेनी, म्याग्दी।

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२१२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

प.स.:- ०७७/७८
च.नं. :-

## राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता अपरेटर (कम्प्युटर अपरेटर) पदको सेवा करारमा पूर्ति गर्नका लागि दरखास्त आह्वान गरिएको सूचना।

**सूचना प्रकाशन गरिएको मिति:- २०७७ असोज ०८ गते**

म्याग्दी जिल्लामा राष्ट्रिय परिचयपत्रको लागि नागरिकका जैविक तथा वैयक्तिक विवरण संकलन गर्न, जिल्ला प्रशासन कार्यालय, म्याग्दी, बेनीमा रहने स्थायी विवरण दर्ता स्टेशन सञ्चालन गर्नका लागि, विवरण दर्ता अपरेटर (कम्प्यूटर अपरेटर) पद खुला प्रतिस्पर्धाद्वारा करारमा सेवा लिनुपर्ने भएकाले, देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट मिति २०७७ असोज २२ गतेभित्र जिल्ला प्रशासन कार्यालय, म्याग्दीमा दरखास्त पेश गर्न सूचना प्रकाशन गरिएको छ।

१. दरखास्त आह्वान गरिएको पद :- विवरण दर्ता अपरेटर (कम्प्युटर अपरेटर) माग पद संख्या एक (१) मात्र।
२. आवश्यक न्यूनतम योग्यता
   क) उम्मेदवारको उमेर हद :- १८ बर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको।
   ख) न्यूनतम शैक्षिक योग्यता र तालिम
      १. क) कम्प्यूटर विषय लिई कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा,
         ख) प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी, मान्यताप्राप्त संस्थाबाट कम्तिमा ३ (तीन) महिनाको कम्प्यूटर तालिम प्राप्त गरेको।
      २. सरकारी सेवाका लागि अयोग्य ठगरिने गरी कुनै कारवाहीमा नपरेको।
३. परिक्षाको किसिम, स्थान :- लिखित परिक्षा, सीप परिक्षण र अन्तरवार्ता। जिल्ला प्रशासन कार्यालय,म्याग्दी।
   मिति र समय :- दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट दिनको १०:०० बजे।
४. तलब :- रा.प.अनं. प्रथम श्रेणी सरहको सुरु स्केल बमोजिम।
५. करार सम्झौता र अवधि :- हाललाई ३/३ महिनाको करार सम्झौता हुने र कार्यसम्पादन सन्तोषजनक भएमा आवश्यकता अनुसार सम्झौता थप गर्न सकिने।
६. काम गर्नपर्ने स्थान :- जिल्ला प्रशासन कार्यालय, म्याग्दी वा कार्यालयले तोकेको स्थान।
७. कामको प्रकृति :- राष्ट्रिय परिचयपत्रको विवरण दर्ता सम्बन्धी तथा करार सम्झौता बमोजिम।
८. विदा सुविधा र अन्य कुराहरु :- करार सम्झौता बमोजिम।
९. दरखास्त पेश गर्ने अन्तिम मिति :- २०७७ असोज २२ गते वा सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिनको कार्यलय समयमा।
१०. आवेदन फाराम र दस्तुर :- फाराम कार्यालयमा र कार्यालयको वेवसाइटमा नि:शुल्क उपलब्ध छ। फारम बुझाउन कुनै दस्तुर लाग्ने छैन।
११. आवेदन गर्ने तरिका :- आवेदन फाराम भरी जिल्ला प्रशासन कार्यालय, म्याग्दीमा पेश गर्ने।
१२. थप जानकारीका लागि सम्पर्क :- ०६९५२१२३३, ९८५७६२४२३३

यो सूचना र सम्वद्ध जानकारी कार्यालयको सूचना पार्टी तथा वेबसाइट www.daomyagdi.moha.gov.np मा उपलब्ध छ।

नोट: जिल्ला प्रशासन कार्यालयले आवश्यक ठहराएमा र मागपद संख्याको तेब्बर भन्दन बढी संख्यामा आवेदन पर्न आएमा अनुसूची-१ बमोजिमको आधारमा उम्मेदवारको मूल्याङ्कन गरी तेब्बर संख्या भन्दा कम नहुने गरी संक्षिप्तसूची प्रकाशन गर्न सक्नेछ। संक्षिप्त सूचीमा छनौट भएका उम्मेदवारहरु मात्र लिखित परिक्षमा सहभागी हुन पाउनेछन्।

२०७७/०६/०८
माया कुँवर
सहायक प्रमुख जिल्ला अधिकारी